केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२४/०६६/६७

मिति : २०६६/०९/२८

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयहरुको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०६६ को इ.प्रा. निर्देशन नं. १०/०६६ (इजाजतपत्रप्राप्त संस्थाको संस्थापक शेयर नामसारी वा बिक्री सम्बन्धी व्यवस्था) मा देहाय बमोजिमको नीतिगत व्यवस्था थप गरिएको छ।

(क) सार्वजनिक निष्काशन गर्न भनी छुट्टयाइएको धितोपत्र सम्बन्धित संस्थापक, संचालक वा निजका परिवारले लिन पाउने छैनन्।

तर, त्यस्तो धितोपत्रको दरखास्त खुल्ला रहने भनी तोकिएको अवधिभित्र पूरा बिक्री नभएको अवस्थामा भने यो प्रतिबन्ध लागू हुने छैन।

(ख) संस्थापक/संस्थापक समूहको शेयर धारण गरेका शेयरधनीले संस्थापक समूह बाहेक अन्य समूहबाट संचालकमा उम्मेदवारी दिन पाउने छैन।

२. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १९ (ख) मा संगठित क्षेत्रसंग सम्बन्धित निकायको व्याख्या नभएको तर उक्त क्षेत्रमा कार्यरत व्यक्तिको कार्यानुभवले बैंक तथा वित्तीय संस्था संचालनमा सहयोग पुगोस भन्ने हेतु यस बैंकबाट इजाजतपत्रप्राप्त गर्ने "क" वर्गको वाणिज्य बैंक तथा "ख" वर्गको राष्ट्रिय स्तरको विकास बैंकको हकमा संगठित क्षेत्र भनी यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्था/सहकारीलाई मात्र मान्यता दिन सकिने छ।

भवदीय,

(वासुदेव अधिकारी)
निर्देशक

<u>बोधार्थ :</u>

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।